**श्री**

# राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

**मुद्दाः– <u>मोबाइल समेत चोरी पैठारी</u>**

**२०७७।०७८ सालको निर्णय नं. २४**

**पुनरावेदन नं. ०७७-RB-०२१७**

| | |
|---|---|
| भागीरथ मलको छोरा, भारत देश, राजस्थान राज्य, सिकर जिल्ला घर भई हाल का.जी. का.म.न.पा. वडा नं. २१ बस्ने र हाल केन्द्रीय कारागार कार्यालय सुन्धारामा थुनामा रहेको वर्ष ३६ को राकेश कुमार ..........................................................१ | पुनरावेदक |

<u>विरुद्ध</u>

| | |
|---|---|
| त्रि.वि. भन्सार कार्यालयका प्रमूख भन्सार प्रशासक शम्भु प्रसाद मरासिनी समेतको प्रतिवेदनले नेपाल सरकार..........................................................................१ | प्रत्यर्थी |

**२०७७।०७८ सालको निर्णय नं. २५**

**पुनरावेदन नं. ०७७-RB-०२४३**

| | |
|---|---|
| भागीरथ मलको छोरा, भारत देश, राजस्थान राज्य, सिकर जिल्ला घर भई हाल का.जी. का.म.न.पा. वडा नं. २१ बस्ने र हाल केन्द्रीय कारागार कार्यालय सुन्धारामा थुनामा रहेको वर्ष ५५ को बनवारीलाल .............................................................१ | पुनरावेदक |

विरुद्ध

त्रि.वि. भन्सार कार्यालयका प्रमूख भन्सार प्रशासक शम्भु प्रसाद मरासिनी समेतको प्रतिवेदनले नेपाल सरकार.........................................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री आशिष पन्त,श्री अनुपम भट्टराई र श्री ईश्वर अधिकारी

प्रत्यर्थी कार्यालयका तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

मुद्दा फैसला गर्ने कार्यालयः श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालय,

मुद्दा फैसला गर्ने अधिकारीः भन्सार प्रशासक श्री शम्भु प्रसाद मरासिनी

मुद्दा फैसला भएको मितिः २०७६/०६/१८

श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको मिति २०७६/०६/१८ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. मिति २०७७।०५।१० गते का.जि.का.म.न.पा वडा नं. १३ सोल्टीमोड स्थित केही मानिसहरुले बिभिन्न मोबाइल तथा मोबाइलका पार्टस पुर्जा लगायतका सामानहरु भन्सार छली चोरी पैठारी गरी रहेको छ भन्ने गोप्य सूचनाको आधारमा सोल्टीमोड चोकको दक्षिणतर्फ सडक पेटीमा सेतो प्लास्टिकको ४ ओटा धोक्रो राखी सो धोक्रोसँगै संकास्पद अवस्थामा बसी रहेको जिल्ला लक्ष्मीगढ राजस्थान भारत स्थायी घर भई हाल का.जि. का.म.न.पा. ओमबहाल बस्ने राकेश कुमार र भारत देश राजस्थान सिक्री जिल्ला पिपराही पञ्चायत घर भई हाल का.जि. का.म.न.पा. ओमबहाल बस्ने बनबरी लाललाई फेला पारेकोले कानुन बामोजीम उक्त धोक्रा खोली हेर्दा बिना कागजातका बिभिन्न मोबाइल, मोबाइलका पार्टस र ब्याट्रीहरु समेत फेला परेकोले सोही दिन प्रतिवादीहरुलाई पक्राउ गरी बरामदी सामान, बरामदी मुचुल्का र प्रतिवादीहरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा दाखिला हुन आएको।

२. प्रतिवादी **बनबरीलाल**ले अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा मिति २०७७।५।१० गते मोबाइल समेतका सामानहरु नेपालगञ्ज पठाउनु पर्ने थियो सो सामानहरु म प्याक गरीरहेको अवस्थामा नेपाल प्रहरी आएर उक्त सामानहरुको बिल बिजक माग गरेको थियो। सो समयमा उक्त सामानको बिल मसँग थिएन। मसँग बिल विजक नभएको कारण प्रहरीले भन्सार चोरी पैठारी आरोपमा मलाई पक्राउ गरेको हो। सो सामानहरु कहाँबाट ल्याएको हो मलाई थाहा छैन। उक्त

सामानहरु नेपालगञ्ज र पोखरा पठाउनको लागि प्याक गरेको थिए। कामको लागि राकेश कुमारको आदेश दिने गरेको छन्। प्रहरीले मालसामान बरामद गर्दाको बखतमा सामानको साथमा बिल बिजक थिएन। ब्यापरीक प्रयोजनको मालबस्तुको साथमा बिल  बिजक हुनु पर्छ भन्ने थाहा थियो तर सो समयमा सामानको साथमा बिल बिजक थिएन। बालाजी इम्पेक्सका मालिक बिजेन्द्र कुमार बैला हुन। म उक्त फर्ममा गोदाम इन्चार्जको रुपमा काम गर्छु भन्ने ब्यहोराको बयान।

३. अर्का प्रतिवादी **राकेश कुमार**ले अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा मिति २०७७।०५।१० गते नेपालगञ्ज पठाउनु पर्ने सामान बनबरीलालले प्याक गरीरहेको अबस्थामा नेपाल प्रहरी आएर उक्त सामानहरुको बिल विजक माग गरेको सो समयमा बिल विजक नभएको हुँदा बनवरीलालले मलाई फोन गरी बिल लिएर आउनु भनी भनेको हुँदा भ्याट लिएर जाँदा प्रहरीले मलाई पक्राउ गरेको हो। सो सामानहरु स्थानिय बजारमा खरिद गरेको हो। फरक फरक किसिमका सामानहरु फरक फरक फर्महरुबाट खरिद गरेको हो एउटैबाट खरिद गरेको होइन। त्यसैले यसैबाट यति नै परिमाणमा खरिद गरेको हो भनी खुलाउन सक्दिन। प्रहरीले सामान बरामद गर्दाको समयमा साथमा बिल  बिजक थिएन। अहिले साथमा छैन पछि पेश गर्नेछु। सो सामानहरु बालाजी इम्पेक्सबाट नेपालगञ्ज तथा पोखरा पठाउन लागेको हो। बालाजी इम्पेक्सको साहुजी बिजेन्द्र कुमार बैला हुन्। साहुजी हाल नेपालमा हुनुहुन्न कोभिड १९ को महामारी शुरु भएपछि राजस्थान जानु भएकोले साहुजीलाई उपस्थित गराउन सक्दिन। उक्त फर्मको सम्पूर्ण कारोबार खरिद बिक्रि म आँफैले हेर्दछु भन्ने व्यहोराको बयान।

४. प्रस्तुत मुद्दामा मिसिल संलग्न खानतलासी तथा बरामदी मुचुल्का एवं प्रतिवेदन समेतका कागजातहरु प्रतिवादीको बयान एवं प्रचलित कानुनको अध्ययन गरी प्रमाणको मुल्यांकन, बिश्लेषण गर्दा महानगरीय प्रहरी बृत्त कालिमाटिबाट बरामद भएको मोवाइल समेतका सामानहरुको सम्बन्धमा महानगरीय प्रहरि बृत्त कालिमाटीले बरामद गरी यस कार्यालयमा दाखिला गरेका बिना कागजातका **Realme C2** ब्रान्डका मोबाइल समेतका सामानहरुको बिल बिजक छ पछि पेश गर्नेछु भनी प्रतिबादीले अनुसान्धान अधिकृत समक्ष गरेको बयानमा खुलाएको भए पनि निजले मुद्दा हेर्ने अधिकारी समक्ष बयान गर्दा समेत बिल बिजक पेश गर्न नसकेको हुँदा बरामद भएको मोबाइल समेतका सामानहरु बैद्य हो भन्ने प्रमाण लाग्ने कागजातहरु प्रतिबादीले पेश गर्न नसकेको। बरामद भएको मोबाइल समेतको मालबस्तुहरु नेपाली उत्पादन नभएको र उक्त मालबस्तु बिदेशबाट नै आयात गर्नुपर्ने भएको तथा बिदेशबाट आयात गर्नु पर्ने उक्त मालबस्तुको भन्सार ऐन, २०६४ को दाफ १८(१) बामोजिम सम्बन्धित भन्सार कार्यालयको प्रज्ञापन पत्र तथा नियमानुसार महशुल बसझाएको निस्सा पेश गर्नु पर्नेमा सो गर्न नसकेको साथै अनुसन्धान अधिकृतले बरामदी मालबस्तुको ऐ ऐनको दफा ३८ बामोजिम जिस्सा माग गर्दा समेत प्रतिबादिहरुले पेश गर्न नसकेको हुँदा उक्त मालबस्तु भन्सार ऐन, २०६४ को दफा ५७(१) अनुसारको कसुर अपराध गरी भन्सार चोरी पैठारी गरी ल्याएको ठहर्छ। तसर्थ बरामद भएको माबाइल समेतको मालबस्तुको महानगरीय प्रहरि बृत्त कालिमाटीले

च.नं. ७९२ मिति २०७७।५।१० को पत्रसाथ संलग्न कागजातबाट खुलेको मूल्य रु. ३३,०२,०००।- (तेत्तिस लाख दुई हजार रुपैयाँ) बिगो कायम गरी बिगो बराबरको जरिवाना साथै १ महिना ८ दिन कैद हुने र बारामदी सामान समेत जफत हुने भन्नेसमेत व्यहोराको मिति २०७७।०६।१८ गतेको श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालयको निर्णय।

५. त्रिभुवन बिमानस्थल भन्सार कार्यालयबाट मिति २०७७।०६।१८ मा भएको फैसला त्रुटीपूर्ण, आधारहिन र कानुन विपरित छ। हामी एकजना उल्लेखित सामान प्याकीङ्ग गरी रहेको र अर्को उल्लेखित सामानको बिल बिजक अर्थात भ्याट बिल लिन गईरहेको अवस्थामा पक्राउ परेका हौं। ती सामानहरु भारतबाट ल्याएको हो वा अन्य कुनै देशबाट ल्याएको हो सो को जानकारी हामीलाई छैन। किनकी ति सामानहरु हामी आँफैले ल्याएको नभई बालाजी इम्पेक्सले काठमाडौका विभिन्न स्थानहरुबाट खरिद गरेको हुँदा सबै कुरा थाहा हुने एउटै पसल वा कम्पनीबाट सबै सामानको बिल बिजक पाउने अवस्था समेत थिएन। हामी भारतीय नागरिक भएको आधारमा यी सामानहरु हामीले नै भारतबाट ल्याएको भनी अनुमानका आधारमा अभियोग दाबी लिइएको हो।सामान प्याकिङ्ग गरिरहेको बखत बिल बिजक नभएको कुरा सत्य हो। तर ती सामान पोखरा र नेपालगञ्ज पठाउनु अघि बिल बिजक समेत पठाउने तयारीमा थियौं। तर सो समयमा नै दुवैजना पक्राउ परेपछि तत्काल बिल उपलब्ध गराउन सम्भव भएन। हामी पक्राउ परेपछि सामान बरामद भएको सूचना पाएपछि बरामदी सामान बिक्रि गर्ने कम्पनी वा व्यक्तिहरुले हामी थुनामा रहेको अबस्थामा बिल उपलब्ध गराएनन्। म मिति २०७७।६।१८ मा थुनामुक्त भई उक्त पसलहरुमा जाँदा कोभिडका कारण पसलहरु बन्द रहेका थिए। कतिपय पसल सम्पर्कमा समेत नभएकाले मैले बिल बिजक उपलब्ध गराउँछौं भन्दा भन्दै पनि निर्णयका मितिसम्म उपलब्ध गराउन नसकेको हो यस सम्बन्धमा कुनै अनुसन्धान नै नगरी मलाई हाम्रो कसुर बिनै यस्तो गम्भिर किसिमको फौजदारी मुद्दामा कसुरदार ठहर गरी भएको निर्णय अत्यन्त अन्यायपूर्ण छ। माथि उल्लेखित सामान मैले बालाजी इम्पेक्स महाबौद्धको सामानहरु हो, निजले कहाँबाट खरिद हो? लगायतका ति व्यक्ति वा संस्थालाई अनुसान्धानको क्रममा बुझ्नु पर्नेमा सो सम्बन्धमा अनुसन्धान नै नगरी म जस्तो कारिन्दामाथि अनुमानको भरमा शंकाको सुविधा प्रतिवादीले पाउने भनी ने.का.प २०६८ नि.नं. ८७१७, २०६२ अंक ६ नि.नं. ७५५५, ने.का.प. २०७१ अँक १२ नि.नं. ९३१० समेतमा प्रतिपादित सिद्धान्तको विपरीत निर्णय भएको, साक्षीका सम्बन्धमा कुनै जानकारी नगराएको कारण साक्षी राख्न सकिएन जसले गर्दा साक्षी बकपत्र गराउन र आफ्नो तर्फबाट प्रमाण पेश गर्ने मौका समेत नदिइएको र बिगो समेत हचुवाका भरमा कायम गरीएको हुँदा उक्त निर्णय उल्टी गरी सफाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरु बनबरीलाल र राकेश कुमार समेतको पुनरावेदनपत्र।

६. यसमा मुलुकी फौजदाररु कार्यविधि संहिता २०७४ को दफा १४०(३) बामोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको जानकारी दिई नियमानुसार पेश गर्नु भनी यस न्यायाधिरकणबाट मिति २०७७।०९।१७ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

७. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु श्री आशिष पन्त, श्री अनुपम भट्टराई र श्री ईश्वर अधिकारीले यी प्रतिवादी बनवारीलाल एउटा काम गर्ने कामदार हो, आफुले प्याकिङ गरेको सामानको विल भए नभएको समेत थाहा नभएको, राजस्व छली गरेर ल्याएका मोबाइल भन्ने विशेष सुराकीका आधारमा छानबिन गर्दा विना कागजातका मोबाइल र मोबाइलका व्याट्री फेला पारी मुचुल्का खडा भएको अवस्था छ।यी प्रतिवादीहरु सामान सहित पक्राउ परेको अवस्थामा बिल पेश गर्न नसकेको भन्ने प्रमुख दावी रहेको छ।विजेन्द्र कुमार वैलाको बालाजी कम्पनीमा काम गर्ने कामदार मात्रै हुन।बिल भएको सामान नै रहेको र असहज परिस्थितिको कारण बिल पेश गर्न नसकेको मात्र हो।जम्मा विगो रु.३३,०२,०००/- रहेकोमा दुवै प्रतिवादीलाई जनही ३३/३३ लाख जरिवाना गर्नु कानुन सम्मत नभई, गर्नै परेमा पनि दामासाहीको गर्नुपर्ने भनि सम्मानित सर्वोच्च अदालतबाट ने.का.प.०६७ नि.नं.८३२१, ने.का.प.२०६५ नि.नं.८०२८ र ने.का.प.२०६३ को नि.नं.७७६७ मा प्रतिपादित सिद्धान्तका आधारमा विपक्षी भन्सार कार्यालयले गरेको निर्णय कानून सम्मत नभई सो निर्णय बदर हुनुपर्छ भन्ने समेत बहस सुनियो।

८. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालयका उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले प्रतिवादीहरुबाट मोबाइल बरामद भएको अवस्थामा विजक, प्रज्ञापनपत्र समेत पेश गर्न नसकेको स्थिति छ।यी दुवै प्रतिवादीहरु विजेन्द्र कुमार वैलाको कम्पनीमा काम गर्ने व्यक्ति रहेका र दुवैबाट बरामद भएको सामान बालाजु इम्पेक्सबाट कारोबार हुदै आएको भनि स्वीकार गरेको, र दक्षिणकाली मोबाइल सेन्टरबाट उपलब्ध गराइएको मूल्यको आधारमा नै विगो कायम गरेको स्थितिमा शूरु कार्यालयबाट भएको निर्णय कानून सम्मत भएकोले सदर हुनुपर्छ भन्ने जिकिर समेत सुनियो।

९. मिति २०७७/०५/१० गते विहान अ.६:४५ बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.१३ सोल्टिमोडमा **Realme c2** ब्रान्डका मोबाइल र मोबाइलका अन्य सामान प्याकिङ गरि रहेको अवस्थामा पक्राउ परेको, सामानहरुको बिल विजक अर्थात भ्याट बिल लिन भनि जादाको अवस्थामा पक्राउ परेको ति सामान भारतबाट ल्याएको वा अन्य कुनै देशबाट ल्याएको सोको जानकारी समेत थाहा नभएको सो समयमा सामानको बिल विजक पक्राउ गर्दाको अवस्थामा थिएन तर सामान पठाउनु पहिले बिल समेत तयारीमा थियो।दुवै जना पक्राउ परेपछि तत्काल विल उपलब्ध हुने अवस्था नभएको, मिति २०७७/०६/१८ गते थुनामुक्त भई मलाई थाहा भएका पसल र व्यक्तिहरुलाई सम्पर्क गर्दा कोभिडका कारण सम्पर्क समेत नभएको अवस्था छ।अनुसन्धानको एवं मुद्दा हेर्ने अधिकारी समक्ष बयान गर्दा र निर्णय मितिसम्म पनि म समेत थुनामा रहेकाले बिल उपलब्ध गराउन नसकेको, बालाजी इम्पेक्स महाबौद्धका सामानहरु प्याकिङ गरि पठाउने कार्य मात्र

गर्ने गरेको हुदाँ भन्सार छली चोरी पैठारी जस्तो गम्भिर प्रकृतिको फौज्दारी मुद्दा दायर हुनु अन्यायपूर्ण भएको, म एउटा काम गर्ने कामदार मात्रै रहेको व्यक्ति वा भरियालाई मुद्दा चलाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको निर्णय कानून र सिद्धान्तको विपरित भएको, सो अभियोगमा हामी दुवैलाई हचुवाको आधारमा विगो कायम गरिएको र सोही बमोजिम नै जनही जरिवाना गर्नु ऐनको मनसायको विपरित छ। विगोको दामासाहीले जरिवाना गर्नुपर्नेमा जनही विगो बमोजिम जरिवाना हुने ठहऱ्याएको हदसम्मको फैसला मिलेको देखिन नआएको हुँदा उक्त निर्णय बदर गरि न्याय इन्साफ पाउँ भन्ने समेत पुनरावेदक प्रतिवादीहरु राकेश कुमार र बनवरीलालको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७।०६।२९ मा परेको पुनरावेदन पत्र परेको देखिन्छ।

१०. उपरोक्तानुसारको तथ्य, बहस तथा पुनरावेदन जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु भन्सार कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदकहरुको पुनरावेदन जिकिर बमोजिम हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

११. बरामदी मुचुल्का, प्रतिवेदन र प्रतिवादीहरुको बयानमा कहीँ कतै पनि बरामद भएको बिना कागजातका **Realme c2** ब्रान्डका मोबाइल समेतका सामानको बिल विजक पेश गर्न सकेको भन्ने देखिदैंन। बरामद भएको मोबाइल समेतको मालबस्तुहरु नेपाली उत्पादन नभएको र उक्त मालबस्तु विदेशबाट नै आयात गर्नुपर्ने भएको तथा विदेशबाट आयात गर्नुपर्ने उक्त मालबस्तुको भन्सार ऐन,२०६४ को दफा १८(१) बमोजिम प्रज्ञापनपत्र तथा निस्सा पेश गर्नुपर्नेमा सो गर्न सकेको नपाईएकोले प्रतिवादीहरुलाई भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिमको कसुरमा बरामद मालबस्तुको प्राप्त कागजातबाट खुलेको मूल्य रु. ३३,०२,०००।- (तेत्तिस लाख दुई हजार रुपैयाँ) बिगो कायम गरी बिगो बराबरको जरिवाना साथै १ महिना ८ दिन कैद हुने र बरामदी सामान समेत जफत हुने भन्ने समेत व्यहोराको मिति २०७७।०६।१८ गतेको श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालयको निर्णय देखिन्छ।

१२. निर्णय तर्फ विचार गर्दा, मिति २०७७।०५।१० गते का.जि.का.म.न.पा वडा नं. १३ सोल्टीमोड स्थित केही मानिसहरुले बिभिन्न मोबाइल तथा मोबाइलका पार्टस पुर्जा लगायतका सामानहरु भन्सार छली चोरी पैठारी गरी रहेको भन्ने गोप्य सूचनाको आधारमा सोल्टीमोड चोकको दक्षिणतर्फ सडक पेटीमा सेतो प्लास्टिकको ४ ओटा धोक्रो राखी सो धोक्रोसँगै संकास्पद अवस्थामा बसी रहेको जिल्ला लक्ष्मीगढ राजस्थान भारत स्थायी घर भई हाल का.जि. का.म.न.पा. ओमबहाल बस्ने राकेश कुमार र भारत देश राजस्थान सिक्री जिल्ला पिपराही पञ्चायत घर भई हाल का.जि. का.म.न.पा. ओमबहाल बस्ने बनबरीलाल समेतलाई बिना कागजातका बिभिन्न मोबाइल, मोबाइलका पार्टस र ब्याट्रीहरु समेत फेला परेकोले निज प्रतिवादीहरुलाई पक्राउ गरी भन्सार चोरी पैठारीमा कारवाही गरि पाउँ भन्ने समेत प्रहरी प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ ।

१३. प्रतिवादी राकेश कुमारले मिति २०७७।०५।१० गते नेपालगञ्ज पठाउनु पर्ने सामान बनबरीलालले प्याक गरिरहेको अबस्थामा प्रहरी आई उक्त सामानहरुको बिल विजक माग गरेकोमा सो समयमा

बिल विजक नभएको हुँदा प्रहरीले मलाई समेत पक्राउ गरेको र प्रहरीले सामान बरामद गर्दाको समयमा साथमा बिल  बिजक थिएन। सो सामानहरु बालाजी इम्पेक्सबाट नेपालगञ्ज तथा पोखरा पठाउन लागेको ,बालाजी इम्पेक्सको साहुजी बिजेन्द्र कुमार बैला हुन्। उक्त फर्मको सम्पूर्ण कारोबार खरिद बिक्रि म आँफैले हेर्ने गरेको भन्ने समेत तथा प्रतिवादी बनबरीलाले मिति २०७७।५।१० गते मोबाइल समेतका सामानहरु नेपालगञ्ज पठाउनु पर्ने सो सामानहरु मैले प्याक गरिरहेको अबस्थामा प्रहरी आएर उक्त सामानहरुको बिल बिजक माग गरेकोमा उक्त सामानको बिल मसँग थिएन। मसँग बिल विजक नभएको कारण प्रहरीले भन्सार चोरी पैठारी आरोपमा मलाई पक्राउ गरेको हो। सो सामानहरु कहाँबाट ल्याएको हो मलाई थाहा छैन। उक्त सामानहरु नेपालगञ्ज र पोखरा पठाउनको लागि प्याक गरेको थिए। कामको लागि राकेश कुमारले आदेश दिने गरेको, प्रहरीले मालसामान बरामद गर्दाको बखतमा सामानको साथमा बिल बिजक थिएन। ब्यापारिक प्रयोजनको मालबस्तुको साथमा बिल बिजक हुनुपर्छ भन्ने थाहा थियो तर सो समयमा सामानको साथमा बिल बिजक थिएन। बालाजी इम्पेक्सका मालिक बिजेन्द्र कुमार बैला हुन। म उक्त फर्ममा गोदाम इन्चार्जको रुपमा काम गर्ने व्यक्ति हो भन्ने समेत व्यहोरा खुलाई अधिकार प्राप्त अधिकारी समक्ष बयान गरेको पाइयो।

१४. प्रस्तुत मुद्दाको समग्र अध्ययन तथा विश्लेषणबाट यी पुनरावेदक प्रतिवादीहरु राकेश कुमार र बनबरीलाल मोबाइलका सामान प्याक गर्ने , बालाजी इम्पेक्सबाट नेपालगञ्ज तथा पोखरा पठाउने गरेको ,बालाजी इम्पेक्सको साहुजी बिजेन्द्र कुमार बैला रहेको भन्ने देखिन्छ। उक्त फर्मको सम्पूर्ण कारोबार खरिद बिक्रि प्रतिवादी राकेश कुमारले गर्ने गरेको पाइयो। उक्त मालबस्तुहरुको प्याक गरिरहेको अबस्थामा प्रहरीले अनुसन्धान गर्ने क्रममा सो सामानहरुको बिल बिजक माग गरेकोमा सामानहरुको बिल विजक नभएको, प्रज्ञापनपत्र तथा निस्सा समेत पेश गर्न नसकेकाले प्रहरीले भन्सार चोरी पैठारी गरेको अभियोगमा पक्राउ गरेको पाइयो। बरामदी मुचुल्का, प्रतिवेदन र प्रतिवादीहरुको बयानमा कहीं कतै पनि बरामद भएको मोबाइलका बिना कागजातका **Realme c2** ब्रान्डका मोबाइल समेतका सामानको बिल विजक पेश गर्न सकेको भन्ने देखिंदैन।यस स्थितिमा प्रतिवादीहरुले भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिम कसूर गरेको देखिन आयो।प्रतिवादीहरुबाट बरामद मालबस्तुको  प्राप्त कागजातबाट खुलेको मूल्य रु. ३३,०२,०००।- (तेत्तिस लाख दुई हजार रुपैयाँ) बिगो कायम गरी सो जफत गर्ने गरेकोर तजवीजी कैद सजाय गर्ने गरेको हदसम्म पनि शुरुबाट भएको निर्णय अन्यथा भन्न मिल्ने अवस्था देखिदैन।

१५. जहांसम्म प्रतिवादीहरु २ जनालाई बरामद सामानको विगो बमोजिम रु.३३,०२,०००/- का दरले जनही जरिवाना गरेको शुरु निर्णय तर्फ विचार गर्दा भंसार ऐन,२०६४ को दफा ५७(१ग) अनुसार विगो जफत भई विगो बमोजिम जरिवाना गर्नुपर्ने देखिएको तर एक भन्दा बढी प्रतिवादीहरु भएमा जनही विगो बमोजिम जरिवाना गर्नुपर्ने भन्ने कानूनी व्यवस्था देखिंदैन। यसै सन्दर्भमा **"विगो बमोजिम जरिवाना" भन्ने कानूनी व्यवस्थाको तात्पर्य खुलाउँदै सम्मानित सर्वोच्च अदालतबाट "विगो बमोजिम**

जरिवाना भन्नाले प्रत्येक व्यक्तिलाई विगो बमोजिम नै जरिवाना गर्नु पर्दछ भन्ने कानूनी अर्थ गर्न नमिल्ने" भनी सिद्धान्त कायम भएको समेत पाइन्छ (ने.का.प. २०६७, अंक २, नि.नं. ८३२१, पृ. १०९३)। यसरी भन्सार ऐन २०६४ को दफा ५७(१ग)(ख) को जरिवाना सम्बन्धी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित माथि उल्लेखित सिद्धान्तको परिप्रेक्षमा हेर्दा यी प्रतिवादीहरुलाई विगो रु.३३,०२,०००/-(तेत्तिस लाख दुई हजार मात्र) बमोजिम जनही जरिवाना गर्ने गरी शुरु भन्सार कार्यालयबाट भएको फैसला विगो बमोजिम जनही जरिवाना गरेको हदसम्म न्यायोचित एवं औचित्यपूर्ण मान्न सकिएन ।

१६. प्रतिवादीहरुबाट बरामद भएको मोबाइल तथा सामानहरुका प्राप्त बजार मूल्यको आधारमा विगो बमोजिम जरिवाना रु.३३,०२,०००/-(तेत्तिस लाख दुई हजार मात्र) कायम भएको देखिदा सोही विगोको दामासाहीले प्रतिवादीहरुलाई विद्यमान कानून अनुकूल एवं न्यायसँगत जरिवाना ठहर गर्नु न्यायोचित हुने देखिन आयो ।अभियोग दावीबाट सफाई पाउनु पर्दछ भन्ने प्रतिवादीहरुको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१७. तसर्थ यी पुनरावेदक प्रतिवादीहरु राकेश कुमार र बनबरीलाललाई मोबाइल समेत भन्सार चोरी पैठारीको अभियोगमा भन्सार ऐन,२०६४ को दफा ५७(१) को कसूरमा ऐ.दफा ५७(१ग) बमोजिम बरामद मालबस्तु जफत गरी सोही दफाको देहाय (ख) बमोजिम जनही एक महिना आठ दिन कैद गर्ने गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७७/०६/१८/१ को निर्णय सो हदसम्म मिलेकै देखिएपनि दफा ५७(१ग) ले हुने विगो रु.३३,०२,०००/- को दुई जना प्रतिवादीहरुलाई दामाशाहीले रु.१६,५१,०००/- का दरले जरिवाना गर्नुपर्नेमा जनही पुरै विगो बमोजिम जरिवाना गर्ने गरेको निर्णय सो हदसम्म मिलेको नदेखिदां केही उल्टी हुने ठहर्छ।अरु तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरुलाई जनही रु.३३,०२,०००/-(तेत्तिस लाख दुई हजार मात्र) जरिवाना गर्ने गरी भएको शुरु निर्णय सो हदसम्म केही उल्टी भै उक्त सामानको विगो वापतको जरिवाना प्रतिवादीहरु राकेश कुमार र बनवारीलालबाट दामासाहीले रु.१६,५१,०००/- का दरले हुने ठहरी फैसला भएकोमा प्रतिवादी मध्ये बनवारीलाल मिति २०७७।५।१० बाट मुद्दाको पुपक्षको लागि थुनामा बसी निजलाई ठहर भएको १ महिना ८ दिन कैद मिति २०७७।६।१८ गते भुक्तान भैसकेको देखिंदा कैदमा बसेको १ महिना ८ दिन देखि बाहेकको कैदको हकमा निजलाई ठहर भएको जरिवाना रकमबाट कानून बमोजिम कट्टा गरी बाँकी हुन आउने जरिवाना दाखिल गरे थुनामुक्त गरी दिनु भनी शुरू भन्सार कार्यालयमा लेखी पठाइदिनु.............................१

अर्का प्रतिवादी राकेश कुमारका हकमा मिति २०७७/०६/१८ मा शुरू भन्सार कार्यालयबाट ठहर भएको १ महिना ८ दिन कैदको हकमा निज मिति २०७७/०५/१० देखि पुर्पक्षको लागि थुनामा बसी मिति २०७७।६।१८ गते भुक्तान हुने र जरिवानाको हकमा राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १६९००१०२०९०००१ मा रु.३३,०२,०००/- दाखिला गरेको भन्ने देखिदां दामाशाहीले निजलाई हुन आउने जरिवाना रकम रू.१६,५१०००/- कट्टा गरि बाँकी रकम निवेदकको निवेदन परेमा कानून बमोजिम गरि फिर्ता दिनू भनि शूरु भन्सार कार्यालयमा लेखि पठाइदिनू.......................................२

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.........................................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू..........................................................................४

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

राजेन्द्र पौडेल
(राजश्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः सनिता लामा

टिपोट गर्ने ना.सु. हेमन्त फुयाँल

फाँट (ख)

इति सम्बत २०७७ साल पुष २६ गते रोज १ शुभम.......................................................